## गुल्मी जिल्लालाइ नियाल्दा

रेसुङ्गा, रुरु, रिडि जस्ता पवित्र र ऐतिहासिक स्थानहरु रहेको गुल्मी महत्वपूर्ण पहाडी जिल्ला हो। संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउंलाई गुल्म भनिने र सामरिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहेकोले यसलाई गुल्मी भनी नामाकरण गरिएको हो भन्ने भनाइ रहेको छ। पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्यूठान, उत्तरमा बागलुङ र दक्षिणमा पाल्पा तथा अर्घाखाँचीको सीमाभित्र यो जिल्ला रहेको छ। कुल ११४९ वर्ग कि. मि. क्षेत्रफल रहेको यस जिल्लामा २०६८ सालको जनगणना अनुसार करीब ६५ हजार घरधुरी र जनसंख्या २,८०,१६० (४३.१८% पुरुष र ५६.८२% महिला) रहेको छ। जिल्लाका ७२.५% मानिसहरु साक्षर रहेको विवरण तथ्याङ्कले देखाएको छ। राज्य पुनर्संरचनाका सन्दर्भमा २ वटा नगरपालिका तथा १० वटा गाउँपालिका सहित १२ स्थानीय तह कायम भएका छन् भने प्रतिनिधि सभामा निर्वाचन क्षेत्र २ वटा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र ४ वटा रहेका छन।

यहाँका प्रमुख जातिहरुमा ब्राह्मण, क्षेत्री, मगर, नेवार आदि पर्दछन्। २०६८ सालको जनगणना अनुसार जिल्लामा बाह्मण २८.५%, क्षेत्री २३.१%, मगर १९.९%, कामी ९.५%, सार्की ३.४%, दमाई ३.२%, कुमाल २.५%, नेवार १.८%, सन्यासी १.६%, ठकुरी १.२% अन्य ५.३% रहेका छन्। यसैगरी हिन्दु ९६.७८%, बौद्ध २.७८%, क्रिश्चियन ०.२०%, इश्लाम ०.१५%, प्रकृति पूजक ०.०१% र अन्य ०.०८% रहेका छन्।

जिल्लाको पूर्वबाट कालीगण्डकी नदी बहन्छ भने बढीगाढ जिल्लाको विच भएर बगेको छ। यसका साथै निस्ती छल्दी पनाह लगायतका खोलाहरु पनि रहेका छन्। जिल्लाको मुख्य पेशा कृषि रहेको र कृषि योग्य जमीनको उपलब्धता ६८.५७% रहेको छ भने सरकारी सेवामा पनि गुल्मीबाट उल्लेखनीय उपस्थिति रहेको देखिन्छ। जिल्लाका प्रमुख बालिहरुमा धान, मकै, गहुँ, कोदो आदि हुन्। नेपालमा कफीको पहिलो व्यवसायिक उत्पादन भएको जिल्लाको रुपमा पनि गुल्मीलाई चिनिन्छ। भारतीय तथा ब्रिटिश सेनामा लाहुरे हुने तथा वैदेशिक रोजगारमा जानेको संख्या पनि उत्तिकै रहेको पाइन्छ।

| सि.नं. | स्थानीय तह | क्षेत्रफल (वर्ग किलोमिटर) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| १ | रेसुङ्गा | ८२.७४ | ३२५३८ | तम्घास |
| २ | मुसिकोट | ११४.७४ | ३२८०२ | वामिटक्सार |

| | | | | |
|---|---|---|---|---|
| ३ | कालिगण्डकी | १०१.०४ | १८८७६ | पुर्तिघाट |
| ४ | सत्यवती | ११५.९२ | २३८०७ | जोहाङ्ग खैरेनी |
| ५ | चन्द्रकोट | १०५.७३ | २१८२७ | शान्तिपुर |
| ६ | रुरुक्षेत्र | ६७.३७ | २३,१५५ | बलेटक्सार |
| ७ | छत्रकोट | ८७.१ | २१४८१ | चोयगा |
| ८ | गुल्मीदरबार | ७९.९९ | २२०३७ | गौंडाकोट |
| ९ | इश्मा | ८१.८८ | २०९६४ | रजस्थल |
| १० | धुर्कोट | ८६.३२ | २२४५४ | बर्वोट |
| ११ | मदाने | ९४.५२ | २१८९९ | पुर्कोटदह |
| १२ | मालिका | ९२.४९ | २१७२९ | अर्खवाङ्ग |